# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# थर्पु भार्मा, जाजरकोट

## आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम

हरिचन्द्र बस्नेत
गाउँपालिका अध्यक्

"सुन्दर, शान्त र समृद्ध ठाउँ, कुशे गाउँपालिकाको शान-विकासका पूर्वाधार निर्माण गर्ने हाम्रो अभियान"

# आ.ब.०७७/०७८ को वार्षिक समिक्षा

**आदरणीय गाउँपालिका उपाध्यक्ष ज्यू तथा गाउँ सभाका सदस्य ज्यूहरु र पत्रकार महानुभावहरु**
नेपालको वर्तमान संविधानले निर्दिष्ट गरेको राज्यका नीति, निर्देशक सिद्धान्त, चालूआवधिक योजनाको प्राथमिकता, उद्धेश्य, लक्ष्य, दिगो विकासको लक्ष्य, गाउँपालिकालाई संविधानको अनुसुची ८ र ९ वमोजिम प्राप्त अधिकार, स्थानीय सरकार संचालन ऐन ,२०७४ को परिच्छेद ४ र ५ को प्रावधानका आधारमा गाउँपालिकाको आठौं गाउँसभा मार्फत चालूआर्थिक वर्षमा लिएका नीति तथा कार्यक्रमहरुको समिक्षा गर्दै विकासका प्राथमिकता एवं गाउँवासीहरुको चाहना, ईच्छा र मागहरुलाई मध्यनजर राखी कार्यक्रम तथा आयोजनाहरुलाई प्रभावकारी बनाउन आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रमलाई यस अघिका सभामा पारित गरी सकिएको छ। सोही नीति ,कार्यनीतिका आधारमा कार्यक्रम तथा बजेट तयार गरेका थियौ। केन्द्र सरकार र प्रदेश सरकारबाट समय समयमा जारी भएका नीतिगत कुराहरु यस गाउँपालिकाको मार्गदर्शनका रुपमा रहेको छ।
सभाका सदस्य ज्यूहरु
अब म, आ.व. ०७७/०७८ को कार्यक्रमको समिक्षा गर्ने अनुमति चाहान्छु।

**९क) आर्थिक विकास नीति**

**१) आन्तरिक आय तर्फ**

- आन्तरिक आय वृद्धि गर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरीएको छ।
- करको दर भन्दा दायर बृद्धि गर्ने नीतिलाई प्राथमिकताका साथ अगाडि बढाईएको छ ।
- कर संकल कार्यलाई पारदर्सि र व्यवस्थित गरिएको छ ।
- "**दिगो विकास र समृद्धि हाम्रो प्राथमिता-कर संकलनमा सवैको सहभागिता**" भन्ने नारालाई सार्थकता दिने प्रयास गरिएको छ ।
- कर संलग्न कार्यलाई सरल, सुविधायुक्त तथा व्यवस्थित बनाउन सबै वडामा कर बुझाउन सक्ने व्यवस्था मिलाईएको छ ।
- हचुवाको भरमा हुन सक्ने कर निर्धारण कार्यालाई निरुत्साहित गर्न करका दरहरु निश्चित गरी पूर्णरुपमा लागु गरिएको छ ।
- क्रमस कर संकलन कार्यलाई बैज्ञानिक र करदाता मैत्री बनाउदै लगिने कुरालाई प्राथकिक्ताका साथ अगाडि बढाईएको छ ।

**२) कृषि तर्फ**

- कृषि क्षेत्रको व्यापक आधुनीकिकरण र व्यवसायिकरणमा जोड दिईएको छ, साथै माटो परीक्षण, अर्गानिकमा (रैथाने) र लोपोन्मुख स्थानीय वालिको संरक्षणमा जोड दिईएको छ।

कुश्मा गाउँपालिका

- एक वडा एक उत्पादन कार्यक्रम संचालनको लागि आवश्यक प्राविधिक जनशक्ति बढाई सेवा प्रवाह गरिएको ।
- टिमुर, भटमास, सुन्तला, आलु, मकै, गहुँ, धान तथा कोदो खेतिको विकास र प्रबर्द्धको लागि विभिन्न कार्यक्रम संचालन गरिदै आएको छ । साथै मकै र भटमास खेतिलाई पकेट रुपमा संचालन गर्न ४ पटक तालिम संचालन गरीएको छ ।
- यस गाउँपालिका वडा नं.१,२,३,४,५,६,७ र ८ मा तरकारी विउँ खरिद गरी वितरण कार्य सुचारु गरीएको छ ।
- किसान सूचिकरणको लागि प्रविष्ट कर्ता छनोट गरी प्रविष्टि कर्ताहरुबाट तथ्याङ्क प्रविष्टि गर्ने तथा तथ्याङ्क लिने कार्य जारी गरिएको छ ।
- किसानहरुलाई अर्गानिक कृषिमा प्रोत्साहित गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न २०० जना कृषकहरुलाई तालिम प्रदान गरीएको छ ।
- यस क्षेत्रको हावापानि तथा माटोलाई उपयुक्त कागति, टिमुर तथा माल्टाको विरुवा वितरण कार्य प्रारम्भ भई सम्पन्न हुने क्रम रहेको छ ।

**३) पशु विकास तर्फः**

- प्राकृतिक र कृत्रिम गर्भाधानको माध्यमवाट नश्ल सुधार कार्यक्रम सञ्चालन गरिएको छ। कुखुरा पालन, भेडा प्रवर्द्धन तथा अन्य पशुपालनका लागी आवश्यक र उपयुक्त क्षेत्रको पहिचान गरिएको छ।
- कृत्रिम गर्भाधान कार्यक्रम मार्फत पशुजन्य पदार्थहरुको उत्पादन एंव उत्पादकत्व वृद्धि गरिएको।
- घुम्ती पशु स्वास्थ्य शिविर मार्फत यस गाउँपालिका बासि कृषकहरुले पालेका पशुवस्तुहरुमा आन्तरीक तथा बाह्य परजीवी विरुद्धको औषधी वितरण गरिएको छ ।
- व्यवसायिक बाख्रापालन सम्बन्धि तालिम संचालन गरिएको छ ।
- कुशे गाउँपालिका भित्रका रहेका अधिकांस बाख्राहरुमा पि.पी.आर.रोग तथा रेविज विरुद्धको खोप लगाईएको।
- वडा नं १ देखि ९ सम्मा पशु स्वास्थ्य उपचारको लागि औषधि खरिद कार्य सम्पन्न गरिएको छ ।
- यस गाउँपालिका वडा नं.३,४, ५ र ६ मा कुखूरा वितरण कार्य सम्पन्न गरिएको छ ।
- भेडा बाख्राको उत्पादन र उत्पादकत्व अभिबृद्दि गर्न समुह गठन गरी भेडा संरक्षण कार्यक्रम तथा बाख्रा पकेट कार्यक्रम संचालन गरिएको छ ।

**४) सहकारी तथा वित्तिय क्षेत्र तर्फ**

कुशे गाउँपालिका

- गाउँपालिकामा सहकारी संस्था संचालन तथा नियमन गर्ने ऐन पारित गरि लागु गरिएको छ।वैंक सहकारी तथा वित्तिय संस्थाहरुलाई सामाजिक उत्तरदायित्वको कार्य स्वरुप सामुदायिक विकासका गतिविधीहरुमा संलग्न गराईएको छ।वेरोजगार व्यक्तिहरुको व्यवस्थापन गर्न तथ्यांक संकलन कार्यक्रम संचालन गरिएको छ। साथै वेरोजगार व्यक्त्तिहरुलाई १०० दिन वरावरको रोजगार सिर्जना गर्ने कार्य गरीएको छ ।
- यस गाउँपालिकामा संचालित सहकारी संस्थाहरुको बार्षिक प्रगति प्रतिवेदन माग गरी व्यवस्थित गर्न खोजिएको छ ।

## ख) सामाजिक विकास

### ५) शिक्षा तर्फ

- सबै वालवालिकाहरुलाई वाल विकास केन्द्रमार्फत विद्यालय शिक्षाको तयारी गरिएको छ, सबै वाल वालिकाहरुलाई आधारभूत शिक्षाको पहुचमा जोडदिइएको छ।त्यसैगरी विद्यार्थी भर्ना भैसकेपछि विचमै छोड्ने कार्यलाई निरुत्साहित गर्दै लगिएको छ।कक्षा १ देखी १२ सम्मको शिक्षा अनिवार्य, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापनमा जोड दिईएको छ।
- विद्यालयको गुणस्तर अभिवृद्धि गर्न प्र.अ.को नियमीत बैठकमा संचालन गरिएको छ।उत्कृष्ट तथा विपन्न गरिव जेहनदार, द्वन्द्व पिडित अवस्थाका प्राविधिक धारतर्फका विद्यार्थीहरुलाई अध्यक्ष छात्रवृति कोष स्थापना गरीएको छ।
- प्रत्येक वालविकास केन्द्रमा स्वच्छ पिउने पानि व्यवस्थापनको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत फिल्टर वितरण कार्यक्रम सम्पन्न हुने क्रममा रहेका छ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३ वटा भवन निर्माण चरणमा हुनुका साथै २ वटा विद्यालयमा नविनतम प्रविधिका सामाग्री प्रादन गरीएको छ ।साथै सोहि कार्यक्रम अन्तर्गत पालिका समेतको लागतमा १३ वटा विद्यालय भवनहरु सम्पन्न गरिएको छ ।
- शिक्षालाई व्यवसायिक तथा प्रविधिमैत्री बनाउन यस गाउँपालिकाको ३ वटा विद्यालयमा लाईवेरी, आईसिटि तथा ल्याव सामाग्री जडान गरीएको छ।

### ६)स्वास्थ्य तर्फ

- आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्वन्धी नीति कानून मापदण्ड योजनाको तर्जुमाकार्यान्वयन तथा नियमनमा जोड दिईएको छ।
- सामुदायिक स्वास्थ्य केन्द्रहरुको स्थापना तथा सेवा विस्तार गर्नुको साथै सुत्केरी भत्ताको व्यवस्था गरिएको छ। साथै सुत्केरी हुन नसकी जोखिममा परेकालाई हेलीकप्टरबाट उद्धार गरिएको छ ।
- विपन्न नागरिकहरुलाई औषधी उपचार सिफारिश नियमीत रुपमा गरिएको छ।

- गाउँपालिकाको वडा न २,४र९ स्वास्थ्य सेवा केन्द्र भवन तथा वर्थईन सेन्टर सेन्टर संचालनमा रहेको छ।
- गाँउ भित्र विभिन्न समयमा गाउँघर क्लिनिक सेवा संचालन गरिदै आएको छ।
- सुनौला हजार दिने आमाहरुको स्वास्थ्य अवस्थालाई मजबुत गर्न प्रत्येक वडामा पोषण सामाग्रीहरु वितरण गरी मातृ तथा शिशु मृत्यु दरमा कमि आएको छ ।
- नगरीकको जिउँ ज्यानलाई उच्च प्राथमिकता दिदै कोभिड -१९ को एन्टिजेन परिक्षण कार्य वस्ति वस्तिमा संचालन गरिदै आएको छ ।
- सवै स्वास्थ्य संस्थाबाट एक जनालाई DHIS-2 तालिम उपलब्ध गराईएको ।
- विद्यालयमा कुष्ट रोग बारे जनचेतना कार्यक्रम सम्पन्न गरीएको छ ।
- उच्च जोखिममा रहेका नागरिकहरुलाई क्षय तथा कुष्ट रोग खोजपड्ताल कार्यक्रम सम्मपन्न गरीएको ।
- गर्ववति संग उपाध्यक्ष कार्यक्रम सावुन,नङकट् वितरण कार्यक्रम ९ ओटै वडा मा सम्पन्न गरीएको ।
- समुदायमा आधारित नवजात शिशु कार्यक्रम तथा पालिका स्तरमा खोप र सरसफाई प्रवर्द्धन साथै पूर्ण खोप घरधुरी सर्वोक्षन कार्यक्रम सम्पन्न गरीएको ।
- विद्यालय स्वास्थ्य शिक्षा आम समूह कार्यक्रम सम्पन्न गरीएको ।
- स्वास्थ्य चौकिमा विरामिको लागि OPD टिकटको व्यवस्थापन गरिएको ।
- स्वास्थ्य संस्थामा आधारभुत तथा आकस्मिक औषधि तथा स्वास्थ्य समाग्री खरिद कार्य सम्पन्न भएको ।
- स्थानीय तहका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंम सेविकाको लागि नाक, कान, घाँटि तथा मुख सम्बन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण कार्यक्रम सम्पन्न गरीएको ।
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवति उत्प्रेरण न्यानो झोला कार्यक्रम सम्पन्न गरीएको ।
- राष्ट्रिय महिला स्वयंम सेविकालाई यातायात तथा पोषाक भत्ता वितरण कार्यक्रम सम्पन्न गरीएको ।
- स्वास्थ्य चौकि घरंगा र स्वास्थ्य चौकि टाले गाउँमा ल्याव संचालन गरीएको ।
- कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोक थाम, नियन्त्रण तथा निगरानिको लागि सरोकारवाल संग अन्तरक्रिया तथा RRT गठन तथा परिचालन सम्पन्न गरीएको । साथै सवै वडा तथा टोल टोलमा स्वास्थ्यकर्मि परिचालन गरी एन्टिजेन परीक्षण कार्य सम्पन्न गरीएको ।
- पालिका स्तरिय स्वास्थ्य संस्थाहरुको मासिक सूचना संकलन भेरिफिकेशन एवं गुणस्तर सुधार कार्यक्रम सम्पन गरीएको ।
- उपचार केन्द्रम आकस्मिक औषधि तथा ल्याव समाग्री ढुवानी कार्यक्रमको लागि आवश्यक प्रर्फमेनश छपाई कार्यक्रम सम्पन गरीएको ।
- प्रत्येक स्वास्थ्य संस्थामा PNC VISIT कार्यक्रम तथा प्रत्येक स्वास्थ्य नागरीक वडा पत्र टिवि रेजिमेन्ट उपलब्ध गराईएको ।

**७) महिला विकास तर्फ**

- सिप तथा क्षमता विकास तालिम प्रदान गरिएको छ।
- महिला माथि हुने हिंसा र मानव वेच विखन तथा ओसारपसार कार्यलाइ निरुत्साहित गर्न विभिन्न प्रचारात्मक कार्यक्रमहरु संचालन गरिएको छ।

- बहुविवाहलाई निरुत्साहित गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिदै आएको छ ।
- विपन्न महिलाहरुको आयआर्जन वृद्धि गर्न अनुदान कार्यक्रमहरु संचाल गरिदै आएको छ ।
- सुनौला हजार दिनका कार्यक्रम प्रत्येक वडामा संचालन गरीएको ।

**८) वाल विकास तर्फ**

- वालश्रम शोषणलाई दुरुत्साहन गर्ने कार्यक्रम संचालन गरिएको छ।
- कुशे गाउँपालिकालाई बलमैत्री गाउँपालिका घोषणको लागि यस क्षेत्रका वालवालिकाको क्षमता विकासको लागि विभिन्न किसिमाका कार्यक्रम संचालन गरिदै आएको सेभ द चिल्डेन र पाहाडि क्षेत्र विकास अभियान जाजरकोट तथा गाउँपालिकाको संयुक्त साझेदारी कार्यक्रम संचालन गरिदै आएको छ ।उक्त कार्यक्रम संचालन गरी पालिकालाई सहयोग गर्ने सेभ द चिल्डेन र पाहाडि क्षेत्र विकास अभियन जाजरकोटलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।
- वालवालिका सम्बन्धीत सबै काम र क्षेत्रको अनुगमन गरी आवश्यक निर्देशन दिने काम भएको छ।
- सवै बालविकास केन्द्रहरुमा शैक्षिक समाग्री व्यवस्थापन गरी बालमैत्री कक्षा कोठा व्यवस्थापन गरिएको छ।
- कुशे गाउँपालिका र पहाडि क्षेत्र विकास अभियान विचको लागत साझेदारीमा वडा स्तरिय जोखिम रहेका बालबालिकालाई खाद्यान्न समाग्री उपलब्ध गराउदै आएको छ ।
- वाल विवाह र वाल श्रम न्युनिकरण गर्न आवश्यक कानून निर्माण गरि पहाडि क्षेत्र विकास अभियान संगको सहकार्यमा चेतना मुलक कार्यक्रम संचालन गरिदै आएको छ ।
- अतिअशक्त वाललिकाको क्षमता विकासको लागि पहाडि क्षेत्र विकास अभियान र गाउँपालिकाको सहकार्यमा तीन वटा SCHOOL AT HOME कार्यक्रम संचालन गरिएको छ ।
- बालबालिकाको मौलिक हकलाई सुनिश्चितता गर्न जन्म दर्ता अभियन संचालन गरी यसै बर्षबाट पञ्जिकरणको सबै कार्यहरु डिजिटाईजेसन गर्ने कार्य गरिएको छ ।

**९) अपाङ्ग तथा जेष्ठ नागरिक तर्फ**

- यस पालिकामा रहेका अपाङ्ग बालबालिकाको तथ्याङ्क संकलन र अपंग परिचयपत्र वितरण गर्न वस्ति स्तरमा प्रत्येक बर्ष शिविर संचालन गरिदै आएको छ ।

**१०) आदीवासी जनजाती उत्थान तर्फः**

- विभिन्न व्यवसायिक खालका तालिम संचालन गरिएको छ।
- जनजातिहरुको उत्थानका लागि उनिहरुको परम्परा संस्कृतिजस्ता विषयहरुको सम्वर्द्धन, प्रर्वद्धन र संरक्षणमा जोड दिईदै आएको छ।
- आदीवासी जनजातीको मातृभाषाको उत्थानको लागि वडा नं.८ मा जय जनजाती प्रा.वि लाई अनुमति प्रदान गरी भवन निर्माण कार्य यसै आ.ब. मा सम्पन्न गरिएको छ ।

कुशे गाउँपालिका

### ११) दलित एवं पिछडा वर्गउत्थान तर्फः

- दलित एवं पिछडा तथा अल्पसंख्यक वर्गको उत्थानका लागि प्राथिकताका साथ अवसरहरुको ग्यारेन्टि तथा सम्वर्द्धन र संरक्षण गरिएको छ।
- सिपमूलक,रोजगारमूलक, तथा आयमूलक कार्यक्रम संचालन गर्नुका साथै आवश्यक समाग्री वितरण कार्य सम्पन्न गरिएको छ।
- परम्परागत बाजा संकृतिको संरक्षण गर्न बाजा वितरण कार्य संचालन गरिएको छ ।

### १२) युवा तथा खेलकुद विकास तर्फः

- हरेक वर्ष सबै वडा तथा गाउँपालिकावाट समेत अध्यक्ष कप प्रतियोगिता संचालन गरीएको छ। साथै राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजन गरी "स्वास्थ्य र मनोरन्जनको लागि खेलकुद" भन्ने नारालाई सार्थकता प्रदान गर्न अभिप्रेरित गरिएको छ ।

## ग) पूर्वाधार विकास तर्फ

- चालु आ.व.२०७७/२०७८ मा भौतिक पूर्वाधार विकासमा जनसहभागिता उत्साहजनक नहुने पाइएकोले उपभोक्ताहरुलाई तालिम, प्रशिक्षण, अभिमुखिकरण जस्ता क्रियाकलापहरु संचालन गरि दक्षता र पारदर्शिता बढाउने नीति लिईएको छ।

### १३) सडक तर्फ

- कुशे पाटन नदाई डाव जोड्ने पर्यटन मार्गको ९ किलोमिटर सडक ट्रायक यसै बर्ष खोलिएको छ । सो कार्यलाई आगामि बर्षमा समेत निरन्तरता दिईने छ।
- प्रत्येक गाउँ,टोलमा मोटरबाटो निर्माण गर्ने कार्य भैरहेको छ।
- यस आ.ब. मा ४ वटा सडकको ट्र्याक खोलि पूर्णरुमा कार्य सम्पन्न भएको साथै अन्य सडकहरु सम्पन्न हुने क्रममा रहेका छन् ।

### १४) भवन तर्फः

- यस गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरि संचालन गरिएको छ ।

कुशे गाउँपालिका

- बैंक तथा प्रहरी चौकीको संचालनको लागि व्यवस्थित आवास सहितको भवनको व्यवस्था गरिएको छ ।
- शैक्षिक क्षेत्र सुधार तथा गुणस्तरिय र बालमैत्री शासन संचालनको लागि भवन, सौचालय निर्माण गरिएको छ ।

**१५) सिंचाई तर्फ**

- बाँझो तथा खेती योग्य सिंचाई हुन बाँकी भूमिलाई सिंचाई गराउन पक्कि कूलोनिर्माण र हरेक वडामा रहेका कूलाहरु मर्मत गर्ने काम भएको छ।

**१६) सूचना तथा संचार तर्फ**

- सबै वडा कार्यालयहरुमा अनलाईन सेवा सहितको इन्टरनेट सेवा विस्तार गरिएको छ।
- गाउँपालिकाले सम्पादन गरेका कार्यहरु पारदर्शि बनाउन पालिकाको आफ्नो वेबसाइट तथा सामाजिक संजाल माध्यबाट प्रविष्ट गर्ने कार्यलाई निरन्तरता दिईएको छ।
- सूचना तथा तथ्यांकलाइ व्यवस्थित गर्न गाउँपालिका प्रोफाइल कार्यविधि निर्माण तथा तथ्यांक संकलन फारामको विकास गरीएको छ।

**१७) सस्कृति,पर्यटन विकास तर्फ**

- कुशे गाउँपालिकाको ऐतिहासिक तथा पुरातात्विक स्थललाई व्यवस्थित बनाई पर्यटन प्रबर्द्धनमा जोड दिईएको छ।साथै यस गाउँपालिकाको संस्कृति पर्यटन प्रवर्द्धनको लागि ६३ वटा मन्दिरहरु निर्माण गरिएको छ ।
- संस्कृति, पर्यटन तर्फको विकासको लागि पैंकको मस्ट मन्दिर, कफल्न मस्ट मन्दिरको डिपिआर तयार गर्ने कार्य सम्पन्न भएको छ ।

**१८) घरेलु तथा साना उद्योग तर्फ**

- युवा उद्यमशीलता विकास गरी आत्मनिर्भर स्वाबलम्बी बनाउन विभिन्न खालका युवा लक्षित उद्यमशील विकासका कार्यहरु थालनी गरिएको छ।
- युवालाई लक्षित सिप विकास कार्यक्रम अन्तर्गत भुकम्प प्रतिरोधि घर निर्माण गर्न सिकर्मि, डकर्मिलाई पहाडि क्षेत्र विकास अभियान मार्फत तालिम संचालन गरिएको छ ।

**१९) खानेपानी तर्फ**

कुशे गाउँपालिका

- स्वच्छ पिउने पानीको व्यवस्थामा सहयोग पुर्याउन सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन भैरहेको छ।
- यस गाउँपालिका भित्र स्वच्छ खानेपानीको उपलब्धताको लागि आबश्यक पहल थालनी गरिएको छ । साथै यस आ.ब. मा ६ वटा खानेपानी आयोजना सम्पन्न गरी भुक्तानी भएको र अन्य खानेपानी आयोजना सम्पन्नको अन्तिम चरणमा रहेका छन् ।
- स्वच्छ पिउने पानि उपलब्ध गराउन पालिका भित्रका सुनौला हजार दिन भित्रका आमाहरुलाई फिल्टर वितरण गर्ने कार्य गरिएको छ ।

## घ) वातावरण तथा विपद व्यवस्थापनः

### २०) वन तथा वातावरण तर्फ

- गाउँपालिका भित्रका वनजंगलको संरक्षण कार्य भैरहेको छ।
- विपद व्यवस्थापन कोष मार्फत दैवि प्रकोपमा परेकालाई आर्थिक तथा भौतिक सहयोग प्रदान गरिएको छ।
- यस गाउँपालिका भित्र रहेका रेड पाण्डा, बाघ, भालु, कस्तुरी, डाँफे मुनाल, कालिज, मृग जस्ता दुर्लभ जिवजन्तुको संरक्षणमा जोड दिईएको छ ।
- यस गाउँपालिकाको कुशे पाटनमा पाईने (यर्सा गुम्बा, पाँचऔले, सर्पगन्धा, ठिगो, शिर्पो) जस्ता बहुमुल्य युक्त जडिबुटि तथा विरुवाहरुको संकलन कार्य व्यवस्थित गर्न प्रायस गरिएको छ ।

### २१) विपद व्यवस्थापन तर्फ

- यस पालिकामा विरामि तथा सुत्केरीहरुलाई हेलिकप्टर मार्फत तत्काल उद्धार गर्ने कार्य गरीएको छ ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह नीति

### २२) सुशासन तर्फ

- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता ,प्रभावकारीता र समन्वय गर्न मेलमिलापकर्ताको व्यवस्था गरिएको छ।
- यस आ.व मा गाउँका सवै वडाका वस्तिहरुमा व्यक्तिगत घटन दर्ता तथा पञ्जिकरण सम्बन्धि घुम्ति शिविर कार्यक्रम संचालन गरि सेवाग्रहीहरु सेवा प्रदान गरियो।

२३) मानव संसाधन संरचना विकास गाउँपालिकाको आन्तरिक प्रशासन वडा कार्यालयको कार्य सम्पादन र विषयगत शाखाहरुको कार्यहरुलाई चुस्त र दुरुस्त कार्यान्वयनका लागी यथासमयमा

कुशे गाउँपालिका

अनुगमन, निरीक्षण र समिक्षालाई प्रभावकारी वनाईएको छ। यस कार्यालयका विषयगत शाखा तथा वडा कार्यालयहरुमा रिक्त पदमा पदपूर्ति गरि कार्यसंचालन प्रभावकारी गराईएको छ।

### २४) राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्वन्ध तर्फ

- राष्ट्रिय स्तरका अनुकुल स्थानहरुको अवलोकन भ्रमण सिकाई एवं आदान प्रदानका कार्यक्रमहरु भइरहेको छ।

## च) वित्तिय व्यवस्थापन तथा सुशासन नीतिः

### २६) सुशासन र सेवा प्रवाह तर्फ

- आवधिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन तथा नागरिकहरुले गुनासो वा उजुरी गर्न सक्ने संयन्त्रको विकास र गाउँपालिकामा गुनासो सुन्ने अधिकारीको व्यवस्था तथा आन्तरिक लेखा परीक्षण लाई प्रभावकारी बनाईएको छ।

### २७) विविध नीति

- स्थानीय सरकारलाई आश्यक पर्ने विभिन्न ऐन तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।
- न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि, प्रशासकीय कार्यविधि नियमित गर्ने कार्यविधि अगाडी वढाइएको छ।
- "गाउ पालिका भित्र रहेको सुरक्षित नागरिक आवास" कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका अधिकांस घरहरुलाई टिन प्रदान गरिएको छ र यस कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणाली मार्फत उपलब्ध गराउने व्यवस्थाको थालनि गर्ने प्रयत्न गरिएको छ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकारण विभाग अन्तर्गत गरिब घर परिवार पहिचान कार्यक्रम संचालनमा रहेको र तत्थाङ्क संकलन गरी रहेका छ।

*अन्त्यमा*

गाउँपालिका गौरवका आयोजना, जनसहभागिता, राष्ट्रिय नीति तथा कार्यक्रम कार्यान्वयन गरी सुशासन, कानूनी शासन, गाउँवासीको चाहनाका आधारमा दिगो विकास सहितको समृद्ध गाउँ बनाउने अभियानमा सबै पक्षको सहयोग तथा सहकार्य निरन्तर हुनेनै छ भन्ने अपेक्षा राख्दछु।

क्षेत्रपा गाउँपालिका

# "नीति तथा कार्यक्रम"

## २०७८/०७९

कुशे गाउँपालिकाका उपाध्यक्षज्यू,
गाउँ सभाका आदरणीय सदस्यज्यूहरु,

तीन तहको शासन प्रणालीका रुपमा केन्द्र र प्रदेश सरकारको नीति तथा कार्यक्रम पश्चात कोरोना भाइरस(कोभिड-१९) बाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिति र बन्दाबन्दी बीच आज म यस गरिमामय सभामा आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।यस समयमा आम नागरिकको जीवनको सुरक्षाप्रति गम्भिर र चिन्तित भएको जानकारी गराउँदछु ।

यस जोखिमपूर्ण समयमा सम्बोधन गरिरहँदा म नेपालको संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य स्थापनाका लागि योगदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु । त्यसैगरी कोरोना भाइरस(कोभिड-१९) बाट सङ्क्रमित भई ज्यान गुमाउनेस्वदेश तथा विदेशमा रहेकासबै नागरिक प्रति समेत हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै यस महामारीबाट सङ्क्रमीत सबैनागरिकहरुको शिघ्रस्वास्थ्य लाभको कामना गर्दछु ।

कोरोना भाइरस(कोभिड-१९) को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले गरेको बन्दाबन्दी र महामारीका त्रासका कारण सर्वसाधारणले आफ्ना दैनिक कामहरु सक्रियरुपमा अगाडि बढाउन नसकेको वर्तमान परिस्थितिले आगामी दिनमा थप चुनौती उत्पन्न हुने र त्यसको सामनाका लागि अहिले देखि नै तयार हुनुपर्नेछ ।

यस महामारीका कारण हाम्रो गाउँपालिकाको मात्र नभई सम्पूर्ण देशको नै सार्वजनिक सेवा प्रवाह, विकास निर्माणका कार्य र नियमित रुपमा सञ्चालन हुनुपर्ने कार्यक्रम र आयोजनामा प्रत्यक्ष रुपमा नकारात्मक असर पुगेको छ। सेवामूलक, उत्पादनमूलक, औद्योगिक र व्यापारीक क्षेत्रहरुकोरोनाभाइरस (कोभिड-१९)को कारणले अवरुद्ध भएका छन । उत्पादन र आधारभूत

कुशे गाउँपालिका

वितरण प्रणालीमा गम्भीर प्रभाव पर्नुका साथै यस गाउँपालिकाको पर्यटकीय क्षेत्रमा समेत गम्भीरधक्का पुगेको छ ।

यस महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि कुशे गाउँपालिकाले विपद व्यवस्थापन कोषको स्थापना गरी कार्य गर्दै आइरहेको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु । उक्त कोषमा रकम तथा अन्य सहयोग गरी योगदान पुऱ्याउने सबैमा यस सुखदअवसरमा हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी दिनमा समेत यस प्रकारको सहयोगको अपेक्षा राखेको छु , साथै यस महामारी रोकथाम र नियन्त्रणका लागि अपनाइएको बन्दाबन्दी, सामाजिक दूरी लगायतको कार्यान्वयनमा अनुशासीत भई सक्रियतापूर्वक सहयोग गर्ने आदरणीय सबै कुशे गाउँबासीहरु तथा आम जनसमुदायमा हार्दिक आभार व्यक्त गर्दछु । यसको रोकथाम र नियन्त्रणको अग्रस्थानमा खट्नुहुनेचिकित्सक,स्वास्थ्यकर्मी,सुरक्षाकर्मी तथा व्यवस्थापन कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै महामारीको रोकथाम, नियन्त्रण र उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न राजनीतिक दल, नीजि क्षेत्र, सहकारी, सामुदायिक संघ संस्था, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्णमा कुशे गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हामीले जित्नुपर्ने यो रोग विरुद्धको लडाईमा सबैको थप ऐक्यवद्धता, सहकार्य, समन्वय, धैर्यता र आत्मविश्वासको आवश्यकता रहेको हुँदा आगामी दिनमा पनि सबैको सहयोगको अपेक्षा गर्दछु ।**जीवन रहे सबै गर्न सकिन्छ** भन्ने मान्यतालाई आत्मसात गर्दै यस महामारीका विरुद्धको अभियानमा धैर्यतापूर्वक जुट्न समेत म सबैलाई आह्वान गर्दछु ।

गाउँ सभाका आदरणीय सदस्यज्यूहरु,

१५ शैयाको कुशे अस्पताल निर्माणको लागि आश्यक पर्ने जग्गा करिव १० रोपनी मालिका बहुमुखी क्याम्पसको लागि करिव ५ रोपनी वडा नं.४ को वडा कार्यालयको भवन निर्माण गर्न करिव ३ रोपनी निःशुल्क रुपमा उपलब्ध गराउने जग्गा दातहरुलाई गाउँ सभा, कुशे गाउँपालिकाका नागरिक र मेरो व्यक्ती गत तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु ।

हालको संकटका बीचमा मानव जीवनको रक्षा गर्दै आर्थिक र सामाजिक जीवनलाई सहज बनाउने काममा कुशे गाउँपालिका जुटिरहेको यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।गाउँपालिकाको आवधिक योजनाको लक्ष्य बमोजिम गाउँपालिकाको विकास व्यवस्थापनलाई अगाडि बढाउन हाम्रा नीति तथा कार्यक्रम आवधिक योजनाको दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य प्राप्तिमा केन्द्रित छन्।

कुशे गाउँपालिका

त्यसैगरी गाउँपालिकाका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनका लागि लोकसेवा आयोगमार्फत ११ जना भन्दा वढी कर्मचारीको नियुक्ती गरी कार्य सम्पादन गरिदै आएको छ । गत वर्षसम्म पनि घटनादर्ता जस्तो सामान्य सेवा लिन गाउँपालिका कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

गाउँपालिकाको अधिकार क्षेत्र भित्रका आवश्यक कानूनहरु शीघ्रताका साथ निर्माण भईरहेको छ । संविधानप्रदत्त एकल अधिकार सूचीका केहि कानूनहरु निर्माणको प्रक्रियामा रहेको साथै हालसम्म २० भन्दा बढी विधेयक तथा कार्यविधिहरु पारित गर्न सफल भएको छ ।

समन्वय, सहकार्य र सह-अस्तित्वको संवैधानिक सिद्धान्तलाई आत्मसात गर्दै संघ र प्रदेश सरकारसँगै गाउँपालिका अघि बढिरहेको छ भने पालिकामा गाउँस्तरीय राजनीतिक दलहरु संलग्न भएको गाउँस्तरीय समन्वय समिति गठन भई हालसम्म महत्वपूर्ण बैठक सम्पन्न भईसकेको छ ।

छिमेकी मुलुक भारतबाट असुरक्षित तरिकाले प्रवेश गरेका वा नेपालकै अन्य क्षेत्रबाट आएकाहरुबाट कोभिड संक्रमण फैलनसक्ने जोखिम उच्च भएकाले कोभिड-१९को रोकथाम, नियन्त्रण र उपचारका लागि गाउँपालिकाले विशेष कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । गाउँपालिकाको सीमामा सुरक्षा गस्ती वढाउने, सीमाबाट व्यवस्थित रुपमा ल्याएर क्वारिन्टाइनमा राख्ने व्यवस्था मिलाइएको छ । कोभिड-१९को परीक्षणका लागि हामीसँग उपलब्ध स्वास्थ्य उपकरणहरु तथा स्वास्थ्यकर्मीको उचित व्यवस्थापनमा गाउँपालिका जुटिरहेको छ ।

कोभिड-१९ का संक्रमितहरुको संख्या बढिरहेको अवस्थालाईदृष्टिगत गरी घर घरमा स्वास्थ्य उपकरण तथा औषधीको आपूर्तिको व्यवस्था मिलाई कोभिड परिक्षण कार्य संचालन गरीएको छ ।

सभाका सम्मानीत सदस्यहरु,

जाजरकोट जिल्लाको सदरमुकाम खलंगा देखि करीव ४५ कि.मि. दुरीमा रहेको कुशे गाउँपालिका नव उदाउदो गाउँपालिका हो । साबिकको अर्छानि, टालेगाउँ, पैक, ढिमे र पजारुको केहि भाग गाउँ विकास समितिलाई समेटेर गठन भएको यस गाउँपालिका जाजरकोट जिल्लाको नै महत्वपूर्ण धार्मिक केन्द समेत हो । यस गाउँपालिकाको दिगो विकास कायम गर्न दीर्घकालिन सोच प्राप्त गर्न आर्थिक, सामाजिक र साँस्कृतिक विकासका उद्देश्यसहित नीति र कार्यक्रम प्रस्तुत गरीएको छ ।

यस गाउँपालिकामा जनप्रतिनिधि आईसकेपछिको करीव ३ वर्षको समयमा तीनवटा नीति तथा कार्यक्रम प्रस्तुत गरीरहदा कुशे गाउँबासीनागरिकलाई केन्द्रमा राखी सबैको हित वमोजिम स्थानीय सरकार सञ्चालन भएको जानकारी गराउँदछु । गाउँ सरकारले मुलुकको नै समन्नुत र समद्ध नमूना

कुशे गाउँपालिका

पालिका बनाउने उद्देश्यका साथ काम गरिरहेको छ । गाउँ सरकार सञ्चालनको यस समयमा गाउँपालिका भित्र महत्वपूर्ण संरचनागत आधारशीलाहरु निर्माण भएका छन् ।

कुशेवासीको अभिलाषा र सपना पुरा गर्न निर्वाचित नेतृत्व निरन्तर लागिरहेको नै छ।

**"कुशे गाउँपालिका, खरको छाना रहित घर" कर्णालि आवास कार्यक्रम** अन्र्तगत यस वर्ष अधिक घरधुरी लाभान्वित भएका छन् । ग्रामिण क्षेत्रमा सडकका ट्र्याक खोल्ने कार्य भईरहेको छ।वडास्तरीय खेलकुद कार्यक्रम, गाउँका मुख्य सडकहरुको स्तरोन्नती, लगायतका कार्यक्रमहरु निरन्तर अगाडि बढिरहेका छन् र यी कार्यक्रमहरु यस आर्थिक वर्षमा पनि निरन्तर हुनेछन् ।

गाउँपालिकामा निर्वाचित भई सकेपछि हामीले गाउँपालिकाका सबै वडा कार्यालयहरुबाट सेवा प्रवाह गरी सेवालाई प्रभावकारी बनाउदै स्थानीय सरकारको अनुभूति दिलाउन सफल भईरहेका छौं । त्यसकारण अब हामी अरु पालिकासंग सकारात्मक तुलना गर्दै संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र आफ्नै आन्तरिक आयबाट प्राप्त स्थानीय करलाई अधिकत्तम उपयोग गर्दै गुणात्मक फड्को लिन भौतिक र संस्थागत पूर्वाधार तय गर्दै अपेक्षित रुपमा गाउँपालिकाको विकासमा लागि परिरहेका नै छौं ।

**सुन्दर, शान्त र समृद्ध ठाउँ, कुशे गाउँपालिकाको शान-विकासका पूर्वाधार निर्माण गर्ने हाम्रो अभियान**को सोच र लक्ष्य हासिल गर्न गाउँपालिका सरकार स्थापना पश्चातका बर्षमा गाउँपालिकाका प्रशासनिक संरचना, कर्मचारी व्यवस्थापन, कानून निर्माण, गाउँको आवधिक योजना निर्माण जस्ता विषयहरुमा केन्द्रित रहनु परेको यथार्थ यहाँहरुलाई जानकारी गराउँदछु।यस सिलसिलामा खर्च व्यवस्थापनमा विगत वर्षको तुलनामा चालु आर्थिक वर्षको दोस्रो चौमासिकसम्म उल्लेख्य सुधार भएको छ ।

अवको परिस्थितिमा हालको महामारीबाट सिर्जना हुने असर र प्रभाव समेतलाई आकंलन र विश्लेषण गर्दै आगामी बर्षमा महामारीबाट पुगेको क्षतिको पुर्नभरण हुने गरी सामाजिक क्षेत्रको विकास र आर्थिक पुनरुत्थानमा गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु हुने समेत जानकारी गराउँदछु ।

आषाढ महिना सम्ममा कोभिड-१९ संक्रमणलाई स्थिर बनाउने र क्रमशः रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्ने लक्ष्यका साथ हाम्रो प्रदेश सरकार समेत अगाडि वढिरहेको सन्दर्भमा गाउँपालिका क्षेत्रमा समेत आगामी दिनमा क्वारिन्टाइन, आइसोलेसन एंव परीक्षण र उपचारको समुचित प्रवन्ध मिलाइनेछ । नागरिकको रोग प्रतिरोधी क्षमता विकासमा जोड दिईनेछ ।

साना तथा घरेलु उद्यमको प्रबर्धन गर्न लगानी परिचालन गरिनेछ ।सार्वजनिक वित्तिय व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ । राजस्वको प्रभावकारी परिचालनका लागि राजस्वको दायरा बढाउने नीति अवलम्बन गरिनेछ

समग्रमा यी सबै सन्दर्भमा म अब आगामी आर्थिक वर्षका लागि यस सम्मानीत गाउँ सभामा तपशिल वमोजिमका महत्त्वपूर्ण क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।

**क) स्वास्थ्य सम्वन्धी नीतिहरु :**

१. कोभिड-१९ को व्यापकताले सिर्जना हुन सक्ने परिस्थितिको आंकलन गरी क्वारिन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याङ्क सम्प्रेषण, उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सुरक्षा सामाग्रीको व्यवस्थापनका साथै उचित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

२. आगामि आ.ब. मा १५ शैयाको कुशे अस्पतालको निर्माण कार्य अगाडि वढाईने छ ।

३. स्वास्थ्य सेवालाई पारदर्शी र व्यवस्थित गर्न सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क उपलब्ध गराईनेछ ।

४. सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाउन गाउँपालिकामा क्रमसः वर्थ इन सेन्टर स्थापना गरी सञ्चालनमा ल्याईने छ।

५. नियमित खोप सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ साथै नयाँखोपको रुपमा आउने कार्यक्रमहरु थप गरी कार्य सञ्चालन गरिने र भ्याक्सिन आपूर्ति र सञ्चालनकार्यलाई व्यवस्थित गरिनेछ ।

६. स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिकमैत्री संस्था बनाईनेछ ।साथै वडा कार्यालय, सबै स्वास्थ्य संस्थाहरु,विद्यालय तथा गाउँपालिकाको कार्यालयमा सेनटरी प्याड व्यवस्थापन गरिनेछ।

७. समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरुको परिचालन गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईनेछ ।

८. सर्ने प्रकृतिका रोगहरुको नियन्त्रण, निवारण तथा उपचार र नसर्ने प्रकृतिका रोगहरुको नियन्त्रण, उपचारका कार्यक्रमहरु समुदाय स्तरसम्म विभिन्न कार्यक्रमहरु लगिनेछ।

९. लागूपदार्थको नियन्त्रण, HIV/AIDS तथा मदिराको प्रयोगलाई निरुत्साहित तथा सूर्तिजन्य पदार्थको विक्री वितरण र प्रयोगमा प्रभावकारी नियमन गरिने छ । यस्ता अखाद्य

पदार्थहरुको प्रयोगलाई रोकथाम गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी यी व्यवहारबाट सिर्जित स्वास्थ्य समस्याको उपचार तथा पुनःस्थापनाको व्यवस्था मिलाईने छ ।

१०. गाउँपालिकाका प्रत्येक स्वास्थ्य संस्थामा सेवा प्रवाह विवरणको विद्युतीय अभिलेख राख्ने र प्रतिवेदन गर्ने कार्यलाई कडाईका साथ लागू गरिने छ ।

११. सबै स्वास्थ्य संस्थाहरुलाई जनचेतनामूलक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न विद्युतीय उपकरणहरु उपलब्ध गराउन पहल गरिनेछ।

१२. परिवार नियोजनका सवै सेवाहरुलाई आधुनिक सेवाहरुलाई सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुबाट १२ महिना नै उपलब्ध हुने गरी सुनिश्चित गरिने छ ।

१३. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना र सञ्चालनको व्यवस्थापन गरिनेछ।

१४. स्वास्थ्य सेवामा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल वृद्धिका लागि पेशागत सुरक्षा सुनिश्चित गरिने र कार्य मूल्याङ्कनको आधारमा प्रोत्साहित कार्यक्रम ल्याइनेछ ।

१५. प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीको सुदृढिकरण गरी आवश्यक उपकरण उपलव्ध गराईनेछ ।विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच कायम गरिनेछ ।

१६. निश्चित मापदण्ड बनाई सशुल्क तथा निशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिनेछ साथै सम्पूर्ण गाउँबासीलाई स्वास्थ्य बीमामा समेटिनेछ ।

१७. सपन्न हुन नसकेका सामुदायिक स्वास्थ्य संस्था स्थापना गर्न पहल गरिनेछ ।

१८. स्त्री रोग तथा पाठेघर खस्ने महिलाहरुको स्वास्थ्य समस्या समाधानको लागि आवश्यक स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।

१९. स्वास्थ्यका सबै कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

**ख) शिक्षा सम्वन्धी नीतिहरुः**

१. सामुदायिक विद्यालयले नमूना विद्यालयको रुपमा विकास गर्न चाहेमा लागत साझेदारीको आधारमा विकास गर्न नीति अवलम्बन गरिनेछ ।

२. शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन गरि विद्यालयको व्यवस्थापन र गुणस्तरमा सुधार गरिनेछ।

३. गुणस्तरीय शिक्षाका लागि विद्यालयमा योग्य दक्ष र शिक्षण पेशामा प्रतिवद्ध शिक्षकको आपूर्ति र विकास तथा परीचालन गरिनेछ ।

४. प्राविधिक जनशक्तिको अभाव हटाउन प्राविधिक शिक्षा विस्तार गरी सबै सामुदायिक विद्यालयलाई पूर्वाधार सम्पन्न शिक्षण संस्थाको रुपमा विकास गरिने छ ।

५. पाँचवर्ष मुनिका बालवालिकाको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

६. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ ।

७. अन्तर विद्यालय अनुभव आदान-प्रदान तथा सिकाई पद्धतिमा समाञ्जस्यता ल्याउन समन्वयकारी भूमिका खेलिनेछ ।

८. सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

९. गाउँशिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीका क्षमता विकास गरिनेछ ।

१०. गाउँपालिकाबाट पारित भएको शिक्षा ऐनको कार्यान्वयन गरी विद्यालय व्यवस्थापन समितिलाई पूर्णता दिइनेछ ।

११. अभिभावक,शिक्षक र विद्यार्थीहरुबीचको त्रिपक्षीय अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरी विद्यालय शिक्षाको गुणस्तर सुधारको प्रयास गरिनेछ ।

१२. विगत बर्ष देखि सुरुवात गरिएको अध्यक्ष छात्रावृति कार्यक्रमलाई आवश्यक कानून बनाई व्यवस्थित गरी शैक्षिक विकासमा योगदान पुऱ्याइनेछ ।

१३. विद्यालय समायोजन भई प्रयोगमा नआएमा विद्यालय भवनलाई बाल विकास केन्द्र र सामुदायिक सिकाई केन्द्र तथा समुदायद्धारा उपयोग तथा संरक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१४. सबै विद्यालयहरुलाई एकै प्रकारको रङ रोगन गर्ने नीति ल्याईनेछ। ।

१५. प्रत्येक विद्यालयबाट कम्तिमा एक जना शिक्षकलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।

१६. पालिका स्तरीय अतिरिक्त क्रियाकलाप (खेलकूद, हाजिरीजवाफ, वक्तृत्वकला, संगीत आदि) सञ्चालन गरिने छ ।

१७. प्र.अ.र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिमकोव्यवस्था गरिने छ ।

१८. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणऽसुधार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।साथै उक्त भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाईनेछ।

१९. बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।

२०. विद्यालय निरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाईने छ ।विद्यालयहरुको स्थलगतअनुगमनका क्रममा देखिने समस्याहरुलाई समाधान गर्न पहलगरिनेछ ।

२१. शिक्षक दरवन्दी मिलानको कार्यलाई व्यवस्थित गरिने छ ।

२२. विद्यालयहरुमा शिक्षण योजना डायरीको अनिवार्य व्यवस्था गरिने छ ।

२३. गाउँपालिकाक्षेत्र भित्रका शैक्षिक संस्थामा शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिने छ ।

२४. विद्यालयहरुको गुणस्तर वृद्धि गर्न प्रतिस्पर्धाको वातावरण सृजना गरी पुरस्कार एवं दण्डको व्यवस्था गरिने छ ।

२५. अन्तरक्रियात्मक श्रव्य दृश्यको माध्यमबाट सिकाइ सहजीकरण गरी गुणस्तरीय शिक्षा उपलव्ध गराईने छ ।

२६. कक्षा १ मा भर्ना भएका सबै विद्यार्थीले माध्यमिक शिक्षा पूरा गर्ने व्यवस्था मिलाईने छ ।विद्यालय छाड्नुको कारण अध्ययन अनुसन्धान गरी सुधारका कार्यक्रम सञ्चालन गरिने छ ।

२७. विद्यार्थीहरुमा उच्च नैतिक चरित्र निर्माण र विद्यार्थीहरुमा आदर्श र अनुशासित नागरिकका गुणहरु विकास गरिने छ ।

२८. प्रत्येक माध्यमिक विद्यालयका प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता गर्ने नीति अवलम्वन गरिनेछ ।

२९. बालमैत्री कक्षाकोठा सञ्चालनका लागि आधारभूत तहका विद्यालयका लागि सोही बमोजिमका फर्निचर ब्यवस्थापनमा पहल गरिने छ ।

३०. हाल लकडाउनको कारणले विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरु प्रयोग गरी पठनपाठन गर्ने व्यवस्था मिलाईनेछ ।

३१. उत्‌कृष्ट तथा विपन्न गरिव विद्यार्थीहरुलाई छात्रवृत्तिमा अध्ययनको व्यवस्था मिलाउन पहल गरिनेछ।

३२. गाउँपालिका भित्र गुणस्तरीय शिक्षा हासिल गर्ने प्रतिस्पर्धात्म वातावरणको सृजना गर्न SEE मा उच्च अंक प्राप्त गर्न सफल कुशे गाउँपालिका उत्कृष्ट छात्र १, छात्रा १ एवं प्रत्येक वडामा विद्यालय प्रथम हुने आधारभूत विद्यालय तथा मा.वि.का बालबालिकाहरुको सम्मान तथा पुरस्कृत गर्ने नीति लिइनेछ ।

३३. "एक वडा एक बालमैत्रि कक्षाकोठा"भन्ने नाराका साथ प्राथमिक विद्यालयका सम्बन्धित शिक्षकहरुलाई बालमैत्रि शिक्षण तालिम दिइनेछ ।

३४. सबै सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला निर्माण गर्न सुरु गरिनेछ ।

३५. अध्यक्षसँग बालबालिका कार्यक्रम मार्फत सिकाई सहजिकरण तथा अनुगमन गरिनेछ ।

३६. विद्यालयका बालबालिकाका लागि असल आचरण र आत्मरक्षा सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. १ विद्यालय १ पुस्तकालय स्थापनाको नीति अवलम्वन गर्न आवश्यक प्रकृयाको थालनि गरिनेछ ।

३८. स्वास्थ्य शाखाको समन्वयमा विद्यालय खुलेपछि कोरोना भाईरस (कोभिड-१९) को डर कम गर्न "विद्यालय स्वास्थ्य कार्यक्रम" संचालन गरी विद्यार्थीहरुलाई मनोपरामर्श सेवा दिइनेछ। साथै बाल विवाहन्यूनिकरण गर्न मनोपरामर्श सेवा दिइनेछ।

३९. प्रत्येक विद्यालयका लेखा सम्बन्धी कार्य गर्ने शिक्षक वा लेखापाललाई लेखा सम्बन्धी तालिम दिइनेछ।

४०. राज्यले घोषणा गरेको आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्ने नीतिलाई व्यवहारमा कार्यान्वयन गर्न भर्ना अभियान तथा अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**ग) कृषि तथा पशुपंन्छी विकास तर्फका नीति :**

१. कृषकहरुले लागतको आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणको प्रबन्ध गरिनेछ । सार्वजनिक वनक्षेत्र, सडक तथा उपयोग विहिन सार्वजनिक सरकारी जमीनमा फलफूल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ । निजी तथा बाँझो जग्गामा फलफूल तथा अन्य विरुवा लगाउन कृषकलाई अभिप्रेरित गरिनेछ ।

२. कुशे गाउँपालिकालाई कुखुरा,अण्डा,मासु,दुध र तरकारीमा क्रमशःआत्मनिर्भर बनाउदै लगिनेछ साथै ओखर, सुन्तला तथा कागति क्षेत्रको रुपमा विकास गरिनेछ।

३. कृषकहरुलाई माटोको प्रकार गुणस्तर, हावापानी अनुकूल खेती गर्न मल, बिउ र प्राविधिक सेवा तथा कृषि औजार उपलब्ध गराईने छ ।

४. प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्बन्धी सेवा दिने व्यवस्था मिलाईनेछ ।

५. प्रत्येक वडाका कृषकहरुलाई प्राविधिक तालिम उपलव्ध गराई एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. कृषिलाई व्यवसायिकरण गर्नको लागी विभिन्न निकायहरु संग आवश्यक पहल गरिनेछ ।

७. व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. कृषि उपजमा किटनाशक औषधीको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा बढावा दिईने छ ।

९. पशु बीमा, नश्ल सुधार तथा कृषि बीमा कार्यक्रम सञ्चालन गरिने छ ।

कुशे गाउँपालिका

१०. कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ ।

११. आर्थिक तथा सामाजिक क्षेत्रका हिसाबले पछाडी पारिएका वर्गहरुलाई प्राथमिकता दिई रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. वैदेशिक रोजगारीलाई कम गर्न कृषि, पशुपालन र उद्योग व्यावसायहरुको व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. गाउँपालिकाका उत्कृष्ट कृषकहरुलाई सम्मान गरिनेछ।

१४. आलु, मकै, भटमास तथा धान वालीको विउ बृद्धि कार्यलाई व्यापक बनाइनेछ।

१५. कोरोन भाइरस Covid-19 को कारण स्वदेश फिर्ता भएका र टोलटोलमा भएका बेरोजगार युवायुवतीलाई सिपमूलक तथा कृषिसम्बन्धी तालिम दिइनेछ ।

१६. व्यवसायिक रुपमा तरकारी र फलफूल खेती गर्ने कृषकहरुलाई विउ र विरुवा अनुदान दिने व्यवस्था मिलाईनेछ।

१७. प्राकृतिक र कृतिम गर्भधारणको माध्यामबाट नस्ल सुधार कार्यक्रमलाई प्रचारप्रसार गरी दुध तथा मासुको उत्पादकत्व बृद्धि गर्न अभिमुखिकरण तालिमको व्यवस्था मिलाईनेछ

**१८.** आगामी आ.व.मा प्राङ्गरिक अर्गानिक खेती अभियानलाई सुचारु गर्ने व्यवस्था गरिनेछ । गाउँपालिकामा वैदेशीक रोजगारी पछि फर्केका रोजगारविहिनलाई रोजगारी दिने गरी कार्यक्रम अगाडि बढाईने छ।

१९. यस गाउँपालिकामा उत्पादन हुने सुन्तला खेतिलाई प्राथमिकताका साथि अगाडि बढाउन विभिन्न कार्यक्रम संचाल गर्दै लगिने छ, त्यसको बजारीकरण गर्न समेत आश्यक प्रकृया अगाडि बढाईने छ ।

## घ) आयुर्वेद सम्बन्धी नीति

१. विद्यालय आयुर्वेद एंव योग शिक्षा कार्यक्रम सञ्चालन गरी योग शिक्षालाई प्रभावकारी बनाइनेछ।साथै सरुवा रोग सँग लड्नको लागि रोग प्रतिरोधात्मक क्षमता बढाउने जडिबुटी जन्य औषधीको सेवन, योग तथा ध्यान कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. स्थानीय जडिबुटीहरुको पहिचान र बजारीकरण तथा निजी स्वास्थ्य संस्था (आयुर्वेद तथा वैकल्पिक चिकित्सक) हरुको लगत संकलन तथा अभिलेखिकरण गरिनेछ।

३. आयूर्वेद औषाधालयमा आएका विरामीहरुलाई निः शुल्क वितरणका लागि अत्यावश्यक आयुर्वेद औषधीहरु खरिद गरिनेछ।

४. विभिन्न प्रकारका सरुवा रोग प्रकोप तथा महामारी नियन्त्रण तथा व्यवस्थापनका लागि सचेतना फैलाउन व्यक्तिगत सरसफाई, रोग प्रतिरोधात्मक क्षमता वढाउने जडिबुटि तथा

छथर्जोर्थर गाउँपालिका

संतुलित भोजन गरी दीर्घ जीवनयापन गर्नका लागि अभियान मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**ङ) पर्यटन सम्वन्धी नीति**

१. आन्तरिक एवं वाह्रय पर्यटक भित्रयाउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, मनोरञ्जन पार्कको निर्माण ज्ञान पार्क आदिको व्यवस्थापन गर्न प्रकृया अगाडि बढाईने छ ।

२. कुशे पाटनमा साहसिक पदमार्ग निर्माणमा सहयोग पुग्ने खालका पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. निर्मित ऐतिहासिक पाटी ,पौवा, मठ, मन्दिर ,मस्जिद ,चर्च र झोलुङ्गे पुल लगायतलाई संरक्षण समिति गठन गरि संरक्षण र संवर्द्धन गरिनेछ ।

४. पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिनेछ ।

५. पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रवन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरिनेछ ।

६. गाउँपालिकाको मुख्य पर्यटकीय स्थलहरुको पहिचान गरी सो प्रर्वद्धन गर्दा विभिन्न माध्यमबाट प्रचारप्रसार गरिनेछ।

७. गाउँपालिकामा रहेका धार्मिक एवं पर्यटकीय स्थलहरु सहित वातावरणीय तथा प्राकृतिक रुपमै सुन्दर पैंकको मस्टो मन्दिर र कफल्ना मस्टो मन्दिरलाई धार्मिक स्थलको स्तरोन्नती गरी आन्तरिक तथा वाह्रय पर्यटकीयहरुलाई आकर्षित गर्न प्रचारप्रसारको व्यवस्थापन गरिनेछ।

**च) उद्योग सम्बन्धी नीति**

१. स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु तथा साना उद्यमहरुलाई अभियानको रुपमा विस्तार गर्न अभिप्रेरित गरिनेछ ।



कुशे गाउँपालिका

२. लघु तथा घरेलु उद्योग संचालनको लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ ।

३. स्थानीय वस्तुको उपभोग र उत्पादनलाई प्रोत्साहन गरौ भन्ने अभियान सञ्चालन गरी कृषिजन्य र हाते कागज वस्तुको प्रशोधन उद्योग स्थापना गर्न पहल गरिनेछ ।

४. बेरोजगारहरुको तथ्यांक अभिलेख व्यवस्थापन गरी स्वरोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ ।

५. रोजगार उपलब्ध गराउने र स्थानीय उद्योगलाई कर छुट, अनुदान तथा सहुलियत ऋणको लागि सहजिकरण गरिनेछ ।

६. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा व्यवसाय, उद्योग कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

**छ) युवा तथा खेलकूद नीति**

१. खेलकूदको समुचित विकास गर्न पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिने छ ।

२. प्रत्येक वडामा एक ब्यवस्थित खेल मैदान स्थापना गरिने छ ।

३. अध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ।

४.पालिकास्तरीय भलिबल÷फूटबल र विद्यालयस्तरीय खेलकूद सञ्चालनगरिनेछ ।

५. पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमीन प्रयोगमा ल्याइने छ ।

६. पार्क तथा खुल्ला क्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिला वालबालिका, जेष्ठ नागरिक र फरक क्षमता मैत्री बनाइनेछ ।

**ज) सहकारी तथा अन्य वित्तीय क्षेत्रसँग सम्वन्धी नीति**

१. गाउँपालिका स्थित सहकारी संस्थाहरुको अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

२. सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिने छ ।

३. सहकारीहरुको कार्य प्रकृति र क्षेत्र अनुसार क्रमशःमर्जरमा लैजाने नीति लिइनेछ ।

४.विभिन्न खालमा सहकारी शिक्षा, सहकारी ब्यवसाय प्रर्वद्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम सञ्चालन गरिने नीति अवलम्वन गरिने छ ।

कुशे गाउँपालिका

५. सहकारी संस्थाको मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्वन गरिने छ ।

६. सहकारीले मासिकरुपमा सहकारी शाखामा विवरण बुझाउनुपर्ने ब्यवस्था गरिनेछ ।

७. गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसारको योजना सहकारी तथा अन्य वित्तीय संस्थाहरुले प्राथमिकतामा राख्नुपर्ने नीतिलाई अवलम्वन गरिने छ ।

८. स्थानीय सहकारीहरुलाई विधिसम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ्क निर्माण र अद्यावधिक गरिनेछ ।

**झ) सामाजिक विकास सम्वन्धी नीतिहरु**

१. गाउँपालिका भित्रका व्यापारी, बेरोजगार, महिला,बालबालिका, ज्येष्ठ नागरिक,अपांगता भएका व्यक्ति,आदिवासी,जनजाती,दलित, तथा यौनिक अल्पसंख्यकका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

क) महिलाहरुका लागि न्यूनतम सशक्तिकरणका आयामहरु ( लैङ्गिक समता, प्रजनन स्वास्थ्य, जीवनोपयोगी शिक्षा, पुगीसरी सम्पन्नता र संस्थागत सहभागीता ) लाई पूरा गर्ने उद्देश्यका साथ क्षमता विकास, सिप तथा व्यवसायीकता विकास र नेतृत्व तथा संस्थागत विकासका तालिमहरु सँगै महिलामैत्री व्यवसायीक उपकरणहरु उपलब्ध गराईनेछ । साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि लक्षित वर्ग (आदिबासी/जनजाती, दलित, यौनिक अल्पसंख्यक) का माग सम्बोधन हुने गरी आवश्यक कार्यक्रम तय गरी रकम विनियोजन गरिनेछ ।

२. बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराउन प्रोत्साहन गरिनेछ ।३५ दिनभित्र जन्म दर्ता गराएमा कुनै पनि शुल्क नलिने नीति अवलम्वन गरिनेछ ।

३. महिलाहरुको क्षमता अभिवृद्धि गर्न सीपमूलक तालिम प्रदान गरि आत्मनिर्भता तर्फ उन्मुख गराउन **"गाउँ उपाध्यक्षको ध्येय विपन्नलाई आय पिडितलाई न्याय"**कार्यक्रमलाई संचालन गर्न व्यवस्था मिलाईने छ ।

४.दिगो विकासका लक्ष्यहरु(Sustainable Development Goals-SDG) अनुरुपका कार्यक्रमहरु सञ्चालन गरी समुन्नत कुशे गाउँपालिकाको सपना पुरा गर्ने लक्ष्य लिइनेछ ।

५. लैङ्गिक समानता तथा समावेशीकरण र दलित एवं बाल विकासका लागि चेतनामूलक कार्यक्रम गरिने छ ।

कुशे गाउँपालिका

६. आर्थिक सामाजिक रुपले विपन्न वर्ग तथा समुदायको उत्थानको लागि आय आर्जन गरीवी न्युनीकरण, रोजगारी प्रवर्द्धन जस्ता कार्यक्रमलाई विशेष प्राथमिताका साथ अगाडि बढाईने तथा त्यस्ता वर्गलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा विशेष जोड दिईने छ ।

७. गरीबीको कारण समाजमा रहेका खरका छाना भएका घरहरुको लगत लिई खरकोछानालाई विस्तापित गरी जस्तापाताद्धारा छाउने कार्यलाई प्राथमिकताका साथ अगाडी वढाईने छ।

८. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. छुवाछुत तथा भेदभाव उन्मुलन कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. सबै टोलमा रहेका आमा समूह र यूवा क्लब, बाल क्लबलाई अनिवार्य सूचीकृत गर्न पहल गरिनेछ।

११. विपन्न तथा एकल महिलाहरुलाई स्वरोजगार बनाउन सिपयुक्त तालिमको प्रबन्ध गरिनेछ।

१२. अपाङ्गता तथा ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा तथा परिचय पत्रको लागि सूचना प्रवाहलाई व्यापक बनाइनेछ।

१३. हरेक टोलमा गठन भएका वालक्लव वाल सन्जाल समितिहरुको क्षामता अभिवृद्धी गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

१४. सामाजिक पराम्परागत रुपमा रहेको बालविवाहलाई निरुत्साहित गर्न अन्तक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१५. दलितहरुले सञ्चालन गर्दै आएको परम्परागत पेशा व्यवसायलाई समयानुकुल, प्रविधियुक्त र पहुँचयुक्त बनाउदै लगिनेछ।

१६. अपाङ्गताको प्रकृतिको आधारमा उनीहरुलाई शिपमूलक, रोजगारमूलक र आयमूलक कार्यक्रमहरुको व्यवस्था मिलाईनेछ।

१७. अध्यक्ष छात्रवृत्ति कोष सञ्चालन गरी शैक्षिक विकासमा योगदान पुऱ्याइनेछ ।

१८. किशोर किशोरीलाई लक्षित गरी प्रजनन स्वास्थ्य/बालविबाह/बहुविवाह/कानूनी सचेतना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. सबै वर्गका (रातो, निलो, पहेंलो र सेतो परिचय पत्र प्राप्त गरेका) अपाङ्गता भएका व्यक्तिहरुका लागि सिपमूलक तालिम तथा संरक्षण, संवर्द्धनका लागि सहायक सामाग्री/राहत प्याकेजको व्यवस्था गरिनुका साथै अन्य विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

२०. नागरिकहरुलाई न्यायमा पहुँच, कानूनमा सवल र कर्तव्यमा अब्बल बनाउनका लागि न्यायिक समिति सँग प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. कुशे गाउँपालिकाका सबै नागरिकहरुमा न्यायमा पहुँच बढाई चुस्त, दुरुस्त र सु-व्यस्थीत ढङ्गबाट समानता कायम गर्दै न्यायिक कार्य सम्पादन गरिनेछ ।

कुशे गाउँपालिका

**ञ) खानेपानी सम्वन्धी नीतिहरु**

१. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी खानेपानीको आपूर्ति व्यवस्था गरिनेछ साथै सबै गाउँपालिकाबासीहरुलाई भरपर्दो, शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि "एक घर एक धारा" नीति सबै वडाहरुमा विस्तार गरिदै लगिने छ ।

२. सबै खानेपानी आयोजनाहरुलाई समितिमा आवद्ध गरी न्यूनतम शुल्कको व्यवस्था गरी मर्मत सम्भार कोषको सञ्चालन गरिने छ ।

**ट) संस्कृति प्रवर्द्धन सम्वन्धी नीतिहरु**

१. यस गाउँपालिका भित्रका सबै जातजातीहरुको पर्व, बाजा, संस्कार, भेषभुसा संस्कृतिको संरक्षणको लागि संग्राहलयको निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।

२. साँस्कृतिक सम्पदाको अध्ययन तथा तथयाकं संकलन गरी आर्थिक विकासमा टेवा पुऱ्याउने सक्ने सम्पूर्ण सम्पदा तथा संस्कृति झल्काउने स्थान र समुदायको संरक्षण र व्यवस्थापनमा जोड दिइनेछ ।

३. स्थानीय संस्कृति तथा सम्पदालाई असर गर्न सबैखाले गतिविधि रोकथाम नियन्त्रण र नियमन गरिनेछ ।

४. गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको संरक्षण कार्यमा जोड दिइनेछ ।

५. संस्कृतिको संरक्षणका लागि उपाध्यक्ष तीज गीत प्रतियोगिता सञ्चालन गरिनेछ ।

६. कुशे गाउँपालिकाका विभिन्न सांस्कृतिक टिमलाई निर्माण गर्न आश्यक कार्यक्रमको व्यवस्था गरिने छ।

**ठ) पूर्वाधार विकास सम्वन्धी नीतिहरु**

१. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सडकहरुमा निर्माण गर्न प्रोत्साहित गरिनेछ र निर्माण सम्पन्न सडकलाई पहिलो प्राथमिकतामा राखी स्तरोन्नती गर्ने नीति लिइनेछ ।

२. प्रत्येक वडामा एक गौरवको योजना निर्माण गरि उक्त योजनाले अरु वडाहरुमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव देखिने गरि गाउँस्तरीय वडा गौरवको आयोजनाको लागि आवश्यक बजेटको विनियोजन गर्ने नीति ल्याईनेछ ।

३. आगामी ३ वर्ष भित्र अपेक्षित लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरि गाउस्तरीय गौरव, वडास्तरीय गौरव र टोलस्तरीय गौरवका योजना र कार्यक्रम तय गरि कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

कुशे गाउँपालिका

४. वस्ती तथा टोलको पहिचान तथा वडा समितिको प्राथमिकतामा सिफारिश भएका वडास्तरीय योजनाहरु कार्यान्वयनार्थ आगामी आ.व. ०७८।०७९ मा आवश्यकता अनुसार बजेटउपलव्ध गराइनेछ ।

५. दिगो विकासका लागि नागरिक सहभागिता अभिवृद्धि गर्न प्रत्येक योजनाहरुमा जनश्रमदान तथा लागत सहभागितालाई अनिवार्य लागू गरिनेछ ।

६. भूकम्प लगायत विपदको समयमा व्यक्तिगत तथा सार्वजनिक भवनहरु भत्कन गई धनजनको क्षति हुने सम्भावनालाई न्यूनिकरण गर्न र वस्तीहरुमा भौतिक पूर्वाधारका संरचनाहरु व्यवस्थित बनाउदै भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रम एवम दक्ष कालिगढको तालिमको व्यवस्थामा जोड दिइनेछ ।

७. गाउँपालिकाबाट सञ्चालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन कार्य व्यवस्थित गरिनेछ । त्यसैगरी योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परीक्षण तथा वडास्तरीय योजनामा वडा अनुगमन समिति तथा वडा कार्यालयको सिफारिश र पालिकास्तरीय योजनामा पालिकास्तरीय अनुगमन समितिको सिफारिश विना भुक्तानी गरिने छैन । यसका लागि वडास्तरीय र पालिकास्तरीय अनुगमन समितिलाई अझ सक्रिय वनाईनेछ ।

८. गाउपालिकाबाट भौतिक पूर्वाधार निर्माणका योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्दा बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसर सृजना गर्न विगत देखि लागू गरिएको इ—विडिङ्ग (E-bidding) बाट खरिद गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

९. सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूजीँगत बजेटको ४ प्रतिशत कन्टेनजेन्सि तथा विपद व्यवस्थापन कार्यको लागि १ प्रतिशत कट्टि गरीने व्यवस्थालाई निरन्तरता दिईने छ ।

१०. वडा कार्यालयको भवन नभएको वडाहरुमा क्रमशः वडा कार्यालय भवनको निर्माणका लागि आवश्यक रकम संघीय तथा प्रदेश सरकारसँग माग गरिनेछ।

११. भौतिक पूर्वाधार विकास तर्फका आयोजनामा विपद जोखिम न्यूनिकरण (DRR) पक्षलाई ध्यान दिइ वातावरणमैत्रि र अन्य मानवीय विकासका कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक पक्षलाई ध्यान दिइ बालमैत्री र अपाङ्गमैत्री बनाइने कुराको सुनिश्चिता गर्दै लगिनेछ।

१२. स्थानीय सडक,ग्रामीण सडक र कृषि सडकलाई स्तरोन्नती गरि कृषि उत्पादन वृद्धि गरि वजारीकरणमा जोड दिइने छ ।

१३. लागत साझेदार तथा सहभागितामा योजना कार्यान्वयन गर्ने विधिलाई प्राथमिकता दिईने छ ।

१४. कुनै आयोजना तथा कार्यक्रम दोहोरो पर्न गएमा गाउँ कार्यपालिकाको बोर्ड बैठकबाट उक्त आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गरिने छ ।

१५. विकास निर्माणको कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न उपभोक्ता समितिलाई तालिमको व्यवस्था गरिनेछ।

१६. आर्थिक वर्ष २०७८/७९ मा निर्माण तथा सञ्चालन हुने आयोजना तथा पूर्वाधार विकास सम्बन्धी कार्यमा वडाभित्रकै जनशक्ति एवं रोजगार विहिन श्रमिकहरुलाई प्राथमिकता दिई निर्माण सम्पन्न गर्ने नीति अबलम्बन गरिनेछ ।

१७. विकास निर्माणमा सार्वेत्कृष्ट काम गर्ने उपभोक्ता समितिका पदाधिकारीलाई उच्च कदर गर्दै सम्मान गरिनेछ ।

१८. उत्कृष्ट प्रविधिको प्रयोग गर्न प्राविधिकहरुलाई Recent Technology को बारेमा सिपमूलक तालिम दिइनेछ ।

१९. प्रत्येक वडा कार्यालयको भवनमा एउटै किसिमको रङ्गरोगन प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

## ड) सिंचाई सम्बन्धी नीतिहरु

१. प्रर्याप्त सिंचाईको सुविधाको आपूर्तिका लागि प्रदेश सरकार, संघीय सरकारसँग प्रर्याप्त सहकार्य गरिने छ ।

२. सिंचाई सुविधाको लागि वैकल्पिक पद्धतिको समेत विकास गरिनेछ ।

## ढ)भवन निर्माण तथा शहरी विकास सम्वन्धी नीतिहरु

१. पूर्वधार निर्माणमा उत्कृष्टता दिनका लागि योजनाहरुबाट संकलन हुन आउने कन्टेन्जेन्सी कोषलाई कार्यविधि बनाई विकास योजनामा खटिने कर्मचारीहरुलाई आवश्यक सामाग्री खरिद र प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

२. जनतालाई विकास निर्माण प्रक्रियामा अधिकतम सहभागिता गराईने नीति अवलम्बन्न गरिने छ ।

३. सामुदायिक, विद्यालय भवन, जेष्ठ नागरिक विश्राम गृह, आमा समूह भवन, तथा अन्य संघ संस्थाको भवनको लागि समायोजन भएका विद्यालयका तथा अन्य संघ संस्थाका रिक्त भवनहरुलाई प्रयोगमा ल्याउने व्यवस्था गरिनेछ र सम्भव नभएमा मात्र निर्माणमा वजेटको व्यवस्था गरिने छ ।

## ण) उर्जा लघु तथा साना जलविद्युत सम्वन्धी नीतिहरु

१. सबै वडा कार्यालयहरुमा वैकल्पिक उर्जाको आवश्यक व्यवस्था गरीने छ ।

२ स्थानीय सरकारहरुलाई १ (एक) मेघावाट सम्मको विद्युत उत्पादन र सञ्चालनको लागि अधिकार भए बमोजिम सो बमोजिमका कार्यक्रम सञ्चालन गरिने छ ।

३ सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।

४ पत्रपत्रिका, एफ.एम. रेडियो मार्फत गाउँ पालिकाका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ ।

५ गाउँपालिकाले सम्पादन गरेका कार्यहरु पारदर्शि बेवसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिदै विद्युतीय शासनको अवधारणा अबलम्बन गरिनेछ।

६ गाउँपालिका तथा वडाका कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धिमूलक तालिमहरु प्रदान गरिनेछ ।

७ अनलाइन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्नका लागी वडा कार्यालयहरुमा कलर प्रिन्टर खरिद गरिनेछ ।

**त) वन वातावरण तथा भू-संरक्षण सम्वन्धी नीतिहरु**

१. वातावरण संरक्षणका लागि डिभिजन वन कार्यालय तथा प्रदेश सरकारसंग समन्वय गरी कार्य अगाडि वढाईने छ ।
२. वन कार्यालय तथा अन्य सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिने छ ।
३. उझाड एवं खाली जग्गा,सामुदायिक वन तथा सरकारी जग्गामा उत्कृष्ट खालका विरुवा वृक्षारोपण गर्न पहल गरिनेछ ।

**थ) जलाधार संरक्षण तथा जलवायु परिवर्तन सम्वन्धी नीतिहरुः**

१. जलाधार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था मिलाईने छ ।

२. नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन ओसारपसार र विक्रि वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

**द) सरसफाई र्फोहोरमैला व्यवस्थापन सम्वन्धी नीतिहरु**

१. दीर्घकालिन रुपमा फोहोरको प्रसोधन र पुनः प्रयोग गर्ने गरि निजि क्षेत्रसँग फोहोर व्यवस्थापन कार्यलाई अगाडि बढाईने छ ।

**ध) प्रकोप नियन्त्रण र विपद व्यवस्थापन सम्वन्धी नीतिहरु**

१. विपद र महामारीको पूर्व तयारी प्रति कार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी प्रत्येक वर्ष टोली पुर्नगठन र क्रियाशिल गराइने छ ।

२. विपदको अवस्थामा तत्काल उद्धार लागि आवश्यक सामग्री तथा सुरक्षित वासस्थानको व्यवस्थाको लागि बजेटको व्यवस्था गरिने छ ।

३. विपद व्यवस्थापन कार्यमा उद्धारको लागि सहजताको लागि गाउँपालिकामा हेलिकोप्टर बस्न सक्ने हेलिप्याडको निर्माण गरिने छ ।

४.वाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावीतलाई तत्काल राहत, औषधोपचार ,खानपान लत्ताकपडा उपलव्ध गराउनको लागि तयारी गरिनेछ भने विपद् व्यवस्थापन कोषको बृद्धिको लागि सार्वजनिक नीजि र गैरसरकारी संस्थाहरु संग समन्वय गरिने छ ।

५. कोभिड-१९ र सो बाहेकका सबै प्रकारका विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नःलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ ।

६. हाल भएको विपद व्यावस्थापन कोषमा थप रकम जम्मा गरि सोही कोषबाट कोरोना भाईरस(Covid-19) को रोकथाम खर्च गरिनेछ।

**ऩ)सुशासन तथा संस्थागत विकास सम्वन्धी नीतिहरु**

१. प्रत्येक वडाले मासिक कार्य प्रगति प्रतिवेदन तयार गरि गाउँपालिकाको कार्यालयमा अनिवार्य बुझाउन पर्ने व्यवस्था गरिनेछ तथा नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, घुम्ती सेवा, विद्युतिय शासन जस्ता सेवा प्रवाहका नविनतम आयामहरुलाई अधिकतम प्रयोगमा ल्याइनेछ ।

२. गाउँपालिका कार्यालय भित्र सेवा प्रवाह निर्बाध रुपमा सञ्चालन गर्न वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ।

३. उपाध्यक्षको संयोजकत्वमा सुशासन समितिका पदाधिकारीहरुको समेतको संलग्नतामा त्रैमासिक रुपमा सबै वडामा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

४. करारमा कार्यरत कर्मचारीहरुको तलबमान समय सापेक्ष बनाइनेछ।

५. गाउँपालिका भित्रका सबै संघ संस्थाहरुमा गाउँपालिकाको अध्यक्षले तोकेको वा कार्यपालिकाको बैठकबाट निर्णय गरेको १ जना सदस्य रहने व्यवस्था मिलाईने छ।

६. आन्तरिक लेखापरीक्षण र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ ।

७. विकट एंव ठूला वडामा सेवाग्राहीलाई वडा कार्यालयसम्म आउन घण्टौ समय लाग्ने र पहुँच नभएका व्यक्ति आएर सेवा लिन नसक्ने अवस्थामा रहेकोले बेलाबेलामा वडाका विभिन्न ठाँउमा कार्यालयले सेवा दिने गरी घुम्ती सेवा सञ्चालन गरिनेछ ।

८. जनप्रतिनिधि र कर्मचारीको कार्यसम्पादन क्षमता अभिवृद्धि लागि शैक्षिक अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

९. वडा भित्र तरकारी, फलफूलतथा किरान पसल अनुगमन तथा नियमनलाई तिव्रता प्रदान गरिनेछ।

१०. स्थायी, अस्थायी एंव करार सेवामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्न एवं कार्यसम्पादनमा सहजता ल्याउन स्थानीय भत्ता उपलब्ध गराइनेछ ।

११. गाउँपालिका तथा वडा कार्यालयहरुबांट प्रवाह गरिने विकास निर्माण, व्यक्तिगत घटना दर्ता तथा अन्य सेवा प्रवाह छरितो एवं प्रभावकारी बनाउदै सेवाग्राहीको सहजताका लागि सहायता कक्ष (Help Desk) स्थापना गरि तहाँबाट आवश्यक सूचना तथा फारम निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१२. गाउँपालिकाबाट नियमित रुपमा गरिने सेवा प्रवाह, विकास तथा कार्यक्रमहरुको प्रभावकारीता लगायतका विषयहरुमा सन्तुष्टि मापन गरी सार्वजनिक रुपमा सुझाव प्राप्त गरी सेवा प्रवाहको गुणस्तरमा सुधार ल्याई नागरिकको सूचनाको हकलाई सम्मानजनक रुपमा सहभागिताको लागि सार्वजनिक सुनुवाई,सामाजिक परीक्षण र पालिका रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. गाउँपालिकाको संगठन संरचना र कर्मचारी दरबन्दी पुनरावलोकन गर्न विशेषज्ञ टोलीद्धारा संगठन व्यवस्थापन सर्वेक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा परिमार्जन गरी आवश्यक जनशक्ति व्यवस्थापान गरिनेछ।स्थानीय तथा करारमा कार्यरत कर्मचारीहरुको अवकाश पछिको सेवा सुरक्षाका लागि कर्मचारी कल्याण कोष स्थापना गरी पालिका द्धारा रकम जम्मा गरिनेछ।

१४. करार सेवामा कार्यरत कर्मचारीहरुलाई स्थानीय कर्मचारी कल्याणकारी कोष स्थापना गरी मासिक रुपमा कर्मचारी तर्फबाट ६ प्रतिशत रकम कट्टि गरी कर्मचारी कल्याण कोषमा जम्मा

गर्ने व्यस्था गर्न कार्यविधी बनाई लागू गरिनेछ। साथै पूर्वाधार तर्फका प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ताको व्यवस्था गर्ने नीति लागू गरिनेछ।

१५. कर्मचारीको मनोवल उच्च राख्न कर्मचारीहरुलाई १० दिनको आर्थिक सुविधा सहितको भ्रमण विदाको व्यवस्था गरिने छ ।

१६. गाउँपालिका भित्रको गुनासो सम्बोधन गर्न हेलो कुशे कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

प) **नागरिकको खाद्य सुरक्षा हाम्रो बजार अनुगमन**" भन्ने ध्येय अनुरुप बजारमा खाद्यबस्तुको गुणस्तर नियन्त्रण, मूल्यसूचीको नियमनका लागि उपाध्यक्षको संयोजक एक समिति गठन गरीने व्यवस्था मिलाईनेछ ।

**फ) मानव संसाधन विकास सम्वन्धी नीतिहरुः**

१. कर्मचारी क्षमता विकास गर्न आवश्यक तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२. Right man in Right time in Right place का आधारमा कर्मचारी व्यबस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

३. कर्मचारीहरुलाई काम प्रति अभिप्रेरित गराई मनोवल उच्च राख्न विशेष प्रोत्साहनका कार्यक्रम लागू गरिनेछ ।

४. गाउँपालिकाको प्रशासनिक तथा सगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा उपयुक्त प्रक्रियाबाट पदपूर्ति गरिनेछ ।

५. सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरी Chain of Command निर्माण गरिनेछ ।

६. गाउँपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

७. गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिने छ ।

८. उत्कृष्ट कार्य गर्ने गाउँपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, टोल विकास समिति, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिको थालनी गरी यसलाई निरन्तरता दिईने छ ।

**ब) राजस्व परिचालन सम्वन्धी नीतिहरु**

१. आन्तरिक आयमा सवल बनाउन राजश्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो वनाई सर्वसुलभ बनाउने ।

२. यस गाउँपालिमा भित्र पाईने बहुमूल्य खनिज पदार्थ (स्लेट,क्वाटाजाईट) को पहिचना गरी सो व्यवस्थिति उत्खनन र निकासिका माध्यमाबाट अधिक राजस्व संकलन गरीने नीति यसै आ.ब. मा अगाडि बढाईने छ ।

३. आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वका र करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।

४. यसै आ.व. लाई कर सहभागिता वर्षको रुपमा अगाडि वढाई गाउँपालिका भित्रका सम्पूर्ण करयोग्य व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

५. आन्तरिक स्रोतको अभिवृद्धिका लागि पूर्वाधारको विकास गरि सेवा शुल्कमा आवद्ध गरिनेछ ।

६. राजश्व, मालपोत ,तिरो आदि वडा कार्यालयमा नै बुझाउनका लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

७. गाउँपालिका क्षेत्र भित्रका सरकारी जग्गामा बनेका घर टहरालाई कार्यविधि बनाई सो बमोजिम बहाल बिटौरी कर लिईनेछ ।

८. गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थ (जस्तै ढुङ्गा, गिटी, बालुवा) दहतर वहतर निकासी गर्नका लागि नियम अनुसार खुला प्रतिस्पर्धाबाट वातावरणिय प्रभाव मूल्याङ्कन (EIA) गरी ठेक्का लगाईनेछ ।

९. गाउँपालिका क्षेत्रभित्र सेवा प्रदान गर्न इच्छुक कुनै पनि संघ/सस्था/ फर्म/ कन्सल्टेन्सी/ कम्पनी/व्यक्तिगत लगायतले पालिकाक्षेत्र भित्र ठेक्का पट्टा गर्दा वा अन्य पूर्वाधारजन्य विकास निर्माणका काम गर्न र सामाजिक काम गर्न आफनो संघ/सस्था/फर्म/कन्सल्टेन्सी/कम्पनी/व्यक्तिगत रुपमा समेत सूचिकरण गर्नुपर्नेछ ।

१०. राजस्व संकलनको लागि धेरै हुनेले धेरै र थोरै हुनेले थोरै कर तिर्ने नीति अबलम्वन गरिनेछ ।

**भ) रोजगार सम्बन्धी नीति**

१. गाउँपालिका भित्र रहेको रोजगारसेवा केन्द्रलाई सुदृढीकरण गर्दै श्रमिकहरुको सीप र क्षमताको उपयोग गर्दै रोजगारीको खोजिमा रहेका व्यक्तिहरुलाई रोजगारीको प्राप्तिमा सहयोग गर्ने तथा सबै प्रकारका श्रमशोषण अन्त्य गरिनेछ ।

२. सबै गाउँवासीको जीवन सुरक्षित,मर्यादित तथा गुणस्तरीय बनाउनका लागी रोजगारीका अवसरहरु सिर्जना गरी कार्यान्वयन गरिनेछ।

३. देशभित्र अनौपचारीक रोजगारीको हिस्सा करिब ८५ प्रतिशत रहेको स्थिति तथा वर्तमान विश्वव्यापी महामारीको अवस्थामा औपचारीक क्षेत्रको रोजगारीमा रहेका श्रमीकलाई समेत प्रत्यक्ष मर्का पारेको विषम परिस्थतिमा आर्थिक पुर्नउत्थान गर्न उर्जाशील श्रमशक्तिको लागी

कुँगा गाउँपालिका

उद्यम व्यवसाय वा सेवा क्षेत्रमा रोजगार वा स्वरोजगारका लागि विभिन्न उत्पादनमूलक तालिममा जोड दिइनेछ ।

४. युवा स्वरोजगार जस्ता कार्यक्रमहरु संचालन गर्न प्राथमिकता दिइनेछ ।

५. विदेशबाट काम सिकि आएका र कोरोना भाईरस (कोभिड-१९) को कारणले नेपाल फर्किएका युवाहरुलाई कृषि तथा उत्पादन मूलक क्षेत्रमा काम लगाउन प्रोत्साहन गरिनेछ।

**म) महिला,बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धि नीति**

१) स्थानीय स्तरमा बालबालिकाहरुलाई Covid लागायत अन्य सरुवा रोगको संक्रमणबाट जोगाउन स्वास्थ्य तथा सरसफाई,घरेलु स्याहार र स्वास्थ्य उपचार सम्बन्धि जानकारी अभिभाबक र स्वयं बालबालिकाहरुलाई उपलब्ध गराउन स्थानीय संचार माध्यम,स्वास्थ्य स्वयंसेविका तथा बाल क्लब लाई परिचालन गरिनेछ।

२) स्थानीय तहको बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधी मस्यौदा तयार गरी लागु गरिनेछ।

३) अपांङ्ग तथा अशक्त बालबालिकाहरुको लागि School at home घरमै विद्यालय कार्यक्रमको लागि पालिकाबाट वजेटको व्यबस्थापन गरिनेछ।

४) पालिकामा बाल हेल्पलाईन स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

५) कुशे गाउँपालिकामा स्थापित आपतकालिन बाल उद्धार कोषलाई निरन्तरता दिन आवश्यक बजेटको व्यबस्था गरिनेछ।

६) स्थानीय तहमा बाल अधिकार समिति गठन,सवलीकरण तथा परिचालन गरिनेछ।

७) बाल क्लब तथा बाल संजालको क्षमता विकास,दर्ता,नवीकरण तथा बालबालिकाको नेतृत्वमा बिभिन्न कार्यक्रम संचालन गरिनेछ।

८) बाल क्लबका भाईबहिनीहरुको क्षमता विकास सम्बन्धि तालिमको उचित व्यबस्था गरिनेछ।

९) बालश्रम,बाल विबाह अन्त्य र बालबालिका विरुद्ध हुने हिंसा न्यूनिकरणका लागि पालिकाले बनाएका रणनैतिक योजनाहरुको प्रभाबकारी कार्यान्वयन गरिनेछ।

१०) बालविकास केन्द्र देखि कक्षा ३ सम्मका कक्षाकोठाहरु बालमैत्री निर्माण गर्ने (कार्पेट,पि फम,राउन्ड टेवल लगायत कक्षाकोठा ब्यबस्थापन सामग्रीको व्यबस्थापन गरिनेछ।

११) एक वडामा एक नमुना बालविकास केन्द्र र एउटा नमुना विद्यालय निर्माण गरिनेछ।

१२) सिमान्तकृत,दलित,अपांङ्गता भएका यौनिक तथा लैङ्गिक,अल्पसंख्यक,गर्भवती तथा सुत्केरी महिला,संरक्षक विहिन बालबालिकाहरुलाई विषेश प्राथमिकता दिईने छ।

१३) बालिकामैत्री,अपांगमैत्री,सुरक्षित स्वास्थ्य केन्द्रहरुको प्रबर्द्धन गर्दै बालिका र अपांङ्ग लक्षित खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ।

१४) महिला माथी हुने हिंसा र मानब बेचविखन तथा ओसारपसार कार्यलाई निरुत्साहित गर्न विभिन्न प्रचारात्मक कार्यहरु संचालन गरिनेछ

१५)यस गाउँपालिका भित्र रहेका महिला,बालबालिका,अपांङ्गता, जेष्ठ नागरिकहरुको तत्थ्याङ्क संकलन गरी व्यबस्थित गरिनेछ ।

१६) कुशे गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणाको लागि यस क्षेत्रका बालबालिकाको क्षमता विकासको लागि विभिन्न किसिमका कार्यक्रम संचालन गरिदै आएको सेभ द चिल्ड्रेन,र पहाडी क्षेत्र विकास अभियान जाजरकोट तथा गाउँपालिकाको संयुक्त साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१७) बालबालिकको मौलिक हकलाई सुनिश्चितता गर्न जन्म दर्ता अभियान संचालन गरी गत बर्षबाट संचालन गरिएको पन्जिकरण डिजिटाईजेसनको कार्यलाई थप व्यबस्थित गरिनेछ ।

१८) उत्कृष्ट तथा विपन्न गरिव विद्यार्थीहरुलाई छात्रवृत्तिमा अध्ययनको व्यवस्था मिलाउन पहल गरिनेछ।

१९) गाउँपालिका भित्र गुणस्तरीय शिक्षा हासिल गर्ने प्रतिस्पर्धात्म वातावरणको सृजना गर्न SEE मा उच्च अंक प्राप्त गर्न सफल कुशे गाउँपालिका उत्कृष्ट छात्र १, छात्रा १ एवं प्रत्येक वडामा विद्यालय प्रथम हुने आधारभूत विद्यालय तथा मा.वि.का बालबालिकाहरुको सम्मान तथा पुरस्कृत गरिनेछ।

२०) अध्यक्षसँग बालबालिका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२१) उपाध्यक्षसँग किशोरी तथा गर्भवती कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२) बालबालिका हराउने,बेबारिसे फेला पर्ने,बेचविखन तथा ओसारपसारमा पर्ने,हिंसा,दूर्व्यवहार शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणको लागि नेपाल प्रहरीको सहकार्यमा स्थानीय प्रहरी इकाई मार्फत विशेष सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२३) सबै सरकारी कार्यालयहरुलाई बाल,किशोर,किशोरी,अपांङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्था बनाईनेछ । साथै वडा कार्यालय,सबै स्वास्थ्य संस्थाहरु,विद्यालय तथा गाउँपालिकाको कार्यालयमा स्यानिटरी प्याडको ब्यबस्थापन गरिनेछ ।

२४) बालबालिकाको अधिकारको सम्मान,संरक्षण,प्रवर्द्धन र परिपूर्ति गर्नाका लागि गाउँपालिकाले सेभ द चिल्ड्रेन र पहाडी क्षेत्र विकास अभियान जाजरकोटसँगको साझेदारीमा बिबिध कार्यक्रम संचालन गरिनेछ ।

२५) जोखिममा रहेका बालबालिकाहरुका लागि आवश्यकतामा आधारित आपतकालिन सहयोग गरिनेछ ।

२६) बाल बिवाह विरुद्धका कानुनहरुको प्रभाबकारी कार्यान्वयनमा गरिनेछ ।

२७) कुशे गाउँपालिकाको बालबालिकाको बस्तुस्थितीको प्रतिवेदन तयार गरिनेछ ।

कुशे गाउँपालिका

२८) बाल क्लबमा आवद्ध भाईबहिनीहरु,स्थानीय बालअधिकार समिति,नागरिक समाज र सरोकारवालालाई कुशे गाउँपालिकाले बनाएको बालबालिका सम्बन्धि कानुनी सँगालोबारे अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

२९) गर्भवती महिलाले नियमित स्वास्थ्य जाँच,बालिका र किशोरीमाथी हुने हिंसाको अन्त्यका लागि सहज बनाउन र बालबालिकाहरुको व्यक्तित्व विकासका लागि समुदायमा आधारित प्रारम्भिक बालविकास कार्यक्रमहरु संचालन गरिनेछ ।

३०) बालश्रम मुक्त स्थानीय तह,बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई विशेष अभियानका रुपमा संचालन गरिनेछ ।

**अन्य नीतिहरु**

१. गाउँपालिकाको दीर्घकालिन विकासको लागियोजना निर्माण गर्दा दिगोविकासका लक्ष्य र सूचकहरुको आधारमा गरिनेछ ।
२. स्थानीय तहको लेखा प्रणालीलाई व्यवस्थित गर्न स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली SUTRA सफ्टवयरमार्फत आर्थिक कारोबार सञ्चालन गरिनेछ ।
३. प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य, समन्वय र सह अस्तित्वको आधारमा सुमधुर सम्बन्ध स्थापित गरी विकास निर्माण कार्य गरिनेछ ।
४. सरकारको तर्फबाट उपलब्ध गराइने सबै प्रकारको सेवामा सेवाग्राहीको सेवा पाउने अधिकारलाई व्यवहारमा उतार्न र यस कार्यका लागि खटिएका कर्मचारी तथा जनप्रतिनिधिलाई अझै जनताप्रति उत्तरदायी हुन आवश्यक थप पहल गरिनेछ ।
५. सवारी साधन तथा ईन्धनको व्यवस्थित प्रयोगको लागि आश्यक कार्यविधि तयार गरी कडाईका साथ लागु गरिने छ ।

अन्त्यमा

यस गाउँपालकाका उपाध्यक्ष ज्यू, गाउँ सभाका सदस्यहरु, पत्रकार, राष्ट्र सेवाक कर्मचारी ज्यूहरु, सुरक्षाकर्मि, नागरिक समाज, विभिन्न सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधि ज्यूहररु तथा अन्य सम्पूर्ण उपस्थित गाउँबासी दाजु भाई तथा दिदि बहिनिहरु प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यमा यहाँहरुको साथ र सहयोगको अपेक्षा राख्दै धन्यवाद दिन चाहान्छु ।

कुशे गाउँपालिका

प्रस्तुतकर्ता
हरिचन्द्र वस्नेत
कुशे गाउँपालिका अध्यक्ष

कुशे गाउँपालिका